# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## तलकोट गाउँपालिका
## बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३४३

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
तलकोट गाउँपालिका,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले तलकोट गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.५ करोड २ लाख ३८ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१९ लाख ७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ७६ लाख ५० हजार, नियमित गर्नुपर्ने रु.२ करोड ६ लाख ८१ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु.६ करोड ३५ लाख ७५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१० करोड ५५ लाख ५५ हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

तलकोट गाउँपालिका,बझाङ

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६० | ५५ | ५०२३८ | ० | ० | ० | ६० | ५५ | ५०२३८ | १९०७ | २०६८१ | २७६५० | ० | ० | ४८३३१ | ० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ६३५७५ | ० | ८२५८ | ५५३१७ | ० | ५०२३८ | १०५५५५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : तलकोट गाउँपालिका, बझाङ , तल्कोट गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सिद्ध राज भण्डारी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नारायण प्रसाद उपाध्याय | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ५०,२३७,९३४ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २,१०,८१,००२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२,४४,२६,९६९ | चालु खर्च | २१,३२,६३,४२२ |
| प्रदेश सरकारबाट अनुदान | २,८६,०५,००० | पूँजीगत खर्च | १९,४२,९५,७१९ |
| राजश्व बाँडफाँट | ४,८३,७०,८८९.२६ | वित्तीय/अन्य व्यवस्था | ५,१९,८३,६२८ |
| आन्तरिक आय | १३,८८,३६२ | | |
| अन्य आय | ६,२८,०३,०९१.१ | | |
| कुल आय | ४६,५५,९४,३११.३६ | कुल खर्च | ४५,९५,४२,७६९ |
| बाँकी मौज्दात | | २,७१,३२,५४५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय-**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस तलकोट गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु तलकोट गाउँपालिकाको उद्देश्य रहेको छ । यस तलकोट गाउँपालिका अन्तर्गत ०७ वडा, ३९ सभा सदस्य, ३३५.२६ वर्ग किलोमिटर क्षेत्रफल तथा ११ हजार ५ सय ५७ जनसंख्या रहेको छ ।<br><br>**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु २५१४६०००।०० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु २१०८१००२।०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ४०६४९९८।०० घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु | ४,०६४,९९८ |
| २ | | | **बैक हिसाब मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु३०८१०१६।४० फरक पर्न गएकोले बैंकमा बढी मौज्दात देखिएको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.७२१७८५०।६० | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | स्थानीय सञ्चित कोष खाता | ० | ७२१७८५०.६० | ७२१७८५०.६० |
| २ | धरौटी खाता | २५६०९२६ | २५६०९२६ | ० |
| ३ | कोभिड कोष खाता | १५८०५४ | ११६५४३९ | १००७३८५ |
| | जम्माः | २७१८९८० | १०९४४२१५।६ | ३०८१०१६।४ |

३

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १ ऐन, १ नियमावली, ३ कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु २२००००००।०० खर्च लेखेको पाईयो ।

• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी

| | | | | |
|---|---|---|---|---|
| | | | सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>अतः पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल गरी बेरुजु संपरीक्षण गर्ने निर्णय गरेको पाइयो । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| ५ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म १ वटा ऐन, १ वटा नियमावली, ७ वटा कार्यविधि लगायत ९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ । साथै पालिकाले ९ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छ । अतः उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| ६ | | | **कार्य संचालन कार्यविधि**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ । | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र स</th><th>कार्यक्रमको नाम</th></tr>
<tr><td>१</td><td>जनतासंग अध्यक्ष कार्यक्रम</td></tr>
<tr><td>२</td><td>स्वंयम सेविका संग उपाध्यक्ष कार्यक्रम</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>न्यायिक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो बर्ष थप भएको ३५ गरी कूल ३५ विवाद दर्ता भएकोमा ३२ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>योजना र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:</td><td></td></tr>
</table>

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | २८ | २६००००० |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | ५३ | १७१०३००० |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | २१ | १६७०१००० |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | २७ | ५९६६४००० |
| ५ | ५० लाख भन्दा माथीका | ९ | ९८८२६००० |
| | **जम्मा** | **१३८** | **१९४८९४०००** |

९

**बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री धनलक्ष्मी खत्रीले २०७७।०३।१० गते रु ४४ करोड ५३ लाख ०३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०५।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१०

**चौमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको चौमासिक पुजिगत खर्चको विवरण अनुसार तेश्रो चौमासिकमा २३.६६ प्रतिशत र आषाढ महिनामा मात्र ५४.३७ प्रतिशत खर्च भएको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले चौमासिक सन्तुलन गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पूँजिगत खर्च | १९४२९५७१९.३१ | ९१००००० | ३३५७५२४१.४३ | ४५९८१२६७.८८ | १०५६३९२१० |
| | कूल खर्च: | १९४२९५७१९.३१ | ९१००००० | ३३५७५२४१.४३ | १५१६२०४७७.८८ | १०५६३९२१० |
| | खर्च प्रतिशत | १०० | ४.६८ | १७.२९ | २३.६६ | ५४.३७ |

११

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | २७५६१८१० | २५००७४४६ | ९०.७३ |
| सामाजिक क्षेत्र | १४९११६१५१ | १३९७३८०४९.५० | ९३.७१ |
| पूर्वाधार विकास क्षेत्र | ११८५३६८५१ | ११२६६२९९० | ९५.०४ |
| संस्थागत विकास र सेवा प्रवाह | ७४६५३९९६ | ६४७५६१२४ | ८६.७४ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ७५४३४५०० | ६१९९४५३१.१५ | ८२.१८ |
| **जम्मा** | **४४५३०३३०८** | **४०४१५९१४१** | **९०.७६** |

खर्च मध्ये सबैभन्दा बढी पुर्वाधार विकासमा ९५.०४ प्रतिशत र सबै भन्दा घटी कार्यालय संचालन तथा प्रशासनिकमा ८२.१८ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक

| | | | | |
|---|---|---|---|---|
| | | | योजनाका नीति कार्यन्वायन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ । | |
| १२ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. १३८८३६२।०० राजस्व बाँडफाँड रु ४८३७०८८९।०० र अनुदानबाट रू. ३५३०३१९६९।०० समेत रू ४०२७९१२२०।०० आम्दानी भएकोमा चालु तर्फ रू. २१३२६३४२१।०० र पूँजिगत तर्फ रू. १९४२९५७१९।०० रू. ४०७५५९१४०।३१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ६१३५५०० खर्च भएको छ जुन आन्तरिक आयको २२.६२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५२.३२ प्रतिशत चालु र ४७.६८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १३ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ८४ पदमा ८४ जना कर्मचारीहरु करारमा राखी रु १२३००००० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ८४ पदमा ८४ जना करार नियुक्ति गरी बर्षभरीमा रु १२३००००० भुक्तानी गरेको छ । | |
| १४ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ । पालिकाले आन्तरिक लेखापरीक्षणको लागि आन्तरिक लेखापरीक्षक (पाँचौ) पदमा श्री चिरञ्जिवी जोशी कर्मचारी कार्यरत रही निजहरुको पारिश्रमिकमा बर्षभरीमा रु ५३१०३० खर्च भएकोमा सम्पूर्ण कारोवारको आन्तरिक लेखापरीक्षण भएको छ । | |
| १५ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले रिक्त पदहरु पूर्तीगरी कर्मचारी व्यवस्थापन हुनु पर्दछ । | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | ४ | ३ |

| | | | | |
|---|---|---|---|---|
| १६ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७ | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |


https://nams.oag.gov.np

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ५ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १८५ |
| मृत्युदर्ता | २५ |
| बसाईसराई दर्ता | ७ |
| विवाह दर्ता | २२ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **प'र्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० मि. |
| कालोपत्रे सडक मर्मत | 0 |
| ग्राभेल सडक निर्माण | २०० मि. |
| ग्राभेल सडक मर्मत | २५कि.मि. |

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **पदाधिकारी सुविधा**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको अनूसुची १ अनुसारको रु ६१३५५००।०० खर्च लेखेको देखिन्छ । | | |
| १९ | | | **सल्लाहकार**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा यस सुदूरपश्चिम प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव। सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को बुदा ६ मा कानून बमोजिम निजी भान्छे चालक वा सहयक पाउने कर्मचारीलाई उक्त निजी सुविधाको भुक्तानी हुने शुरु तलव मात्र पाउने उल्लेख छ । तर गाउँ।नगर प्रमुखको स्वकीय सचिवका रुपमा श्री दमन बहादुर भण्डारीलाई नियुक्त गरी मासिक रु २५००० का दरले रु. ३०००००।०० भुक्तानी गरेको छ । | | |
| २० | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु ८०००००।०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | | |
| २१ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले क्षमता अभिवृद्धि गर्न, पिडित महिलालाई बासस्थान दिन र विपत व्यवस्थापन प्रयोजनको लागि यो वर्ष ९० व्यक्ति एवं संघ संस्थालाई रु ६६९०००।०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | | |
| २२ | | | **मन्दिर निर्माण तथा मर्मत**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न १७ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. ४२४२२५०।०० उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक खर्च गरेको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ । | | |
| २३ | | | **मापदण्ड वेगर अनुदान** | | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । व्यक्ति वा संस्थालाई दिइने अनुदान निश्चित मापदण्डमा आधारित हुनु पर्दछ । तर पालिकाले देहायका नाफामूलक प्रकृतिका संस्थालाई सोझै अनुदान रकम उपलव्ध गराएको देखियो । निश्चित मापदण्ड विना छनौट भएका व्यक्ति वा संस्थालाई दिइने अनुदान खर्चमा प्रभावकारी नियन्त्रण हुनु पर्दछ ।<br><br>**सि.नं.** \| **अनुदान पाउने संस्थाको नाम** \| **प्रयोजन** \| **अनुदान रकम**<br>१ \| मष्टादेव महिला सहकारी सं लि \| व्यवस्थापन \| १००००० | |
| २४ | | | **अन्य कार्यालयको खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।<br><br>**क्र स** \| **कार्यलय वा संस्थाको नाम** \| **कामको प्रकृतिको** \| **भुक्तानी रकम**<br>१ \| मेलविसौना प्रहरी चौकी \| मोटरसाइकल \| २७३२००<br>२ \| प्रहरी चौकी निर्माण \| माटो खन्नेकाम \| ४७५००० | |
| २५ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको रु ३६१००३०.९३ निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु. | ३,६१०,०३०.९३ |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता भएको रकम | फिर्ता हुन बाँकी रकम |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २११०२६९६९.४३ | २०३९५७७९७.९३ | ३४५९१४०.५७ | ३६१००३०.९३ |
| | विषेश | ५०००००० | ५०००००० | ०.०० | ०.०० |
| | समपुरक | २१६००००० | १९८१०४९७ | १७९८५०३ | ०.०० |
| **प्रदेश सरकार** | शसर्त | ३५४०००० | ३५११२५९ | २८७४१ | ०.०० |
| | विषेश | ६८००००० | ६७९२८१० | ७१९० | ०.०० |
| | समपुरक | ११२९६००० | १०११२९३५.६५ | ११८३०६४.३५ | ०.०० |
| | **जम्मा** | **२५९२६२९६९.४३** | **२४९१८५२९९.५८** | **६४७६६३८.९३** | **३६१००३०.९३** |

२६

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ६००००० | ५७०००० | ९५ |
| घरजग्गा वहाल कर | ५००००० | ७५००० | १५ |
| व्यवसाय कर | १००००० | ६५०००० | ६५ |
| सिफारिस दस्तुर | ३००००० | २८०००० | ९४ |
| व्यावसाय रजिष्टेसन | ३००००० | १८५००० | ६२ |
| कृषि तथा पशु कर | १००००० | ९०००० | ९० |
| अन्य कर | २७५६३६ | १२३३६२ | ४५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।अतः आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | | | **अनियमित खर्च**<br>१३९।२०७८।३।२५ र १४३।२०७८।३।२६ मष्टा विल्डर्स र साईपाल ईलेक्ट्रोनिक्सलाई कोटेशनका आधारमा सोझै फिल्ड कटिङका लागि सम्झौता गरि रकम भुक्तानी गरेको छ।यसरी सो कार्य सम्पन्न भयो भनि फोटोकपी विलका आधारमा रकम भुक्तानी भएको देखिन्छ। कार्यसमपन्न भएको यथेष्ट आधार विना नै फोटोकपी विलका आधारमा रु ४६९६९८।०० र २९१८०५।०० भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको रु | | ७६१,५०३ |
| २८ | | | **विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी एकिकृत प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त एकिकृत प्रतिवेदन तयार गरेको छैन । कार्यालयले जिन्सी मालसामान खरीद गर्दा जिन्सी शाखाले खरिद गरी जिन्सी सामानको आवश्यकता अनुसार माग फाराम भरी निकासा दिनुपर्नेमा शाखा र वडा पिच्छे मालसामान खरिद गर्ने गरेको | | |

| | | | | |
|---|---|---|---|---|
| | | | पाइयो ।यसरी खरिद गरेको सामानको आम्दानी कार्यालयको स्टोरमा नदेखिने हुनाले वर्षभरिमा कार्यालयमा कति मालसामान खरिद भई कति खर्च भयो र कति बांकी छ भन्ने कुरा थाहा नहुने साथै विभिन्न शाखा र वडा कार्यालयहरुले खरिद गरेको सामान आम्दानी बांध्न छुट्न सक्ने र सवै मालसामान खर्च देखाउने हुनाले कार्यालयले मालसामान खरिद गर्दा जिन्सी शाखा मार्फत खरिद गरी आम्दानी जनाई माग फारामको आधारमा अन्य विषयगत शाखा र वडा कार्यालयहरुलाई निकासा दिनुपर्दछ । | |
| २९ | | | **जिन्सी निरीक्षण प्रतिबेदन**<br>उक्त नियमावलीको नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखीएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा ३ सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई महालेखा परीक्षकबाट स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उप नियम २ का कुराहरु खुलाउनु पर्ने व्यवस्था छ ।तर कार्यालयले जिन्सी निरीक्षण गराएको देखिएन । यसमा कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ३० | | | **जटिलसंनरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।तर पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य नगराएका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |
| ३१ | | | **बुझेको भरपाई**<br>आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र जिम्मेवार व्यक्तिले त्यस्तो खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी | ५२७,१९७ |

Table inside item ३०:

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २१५।०७८।३।२० | जनज्योती आ.वि.भवन निर्माण उपभोक्ता समिति | मवन निर्माण | ९५०००० |
| ३०६।०७८।३।२८ | भवन निर्माण निर्माण उपभोक्ता समिति | गापाको तेश्रो तला निर्माण | ८६३१९७ |
| **जम्माः** | | | **१८१३१९७** |

<table>
<tr><td></td><td></td><td></td><td>दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । वडा नं. २ वडा सचिव हरि बहादुर खड्काले निम्न सामान खरीद गरेको भनी रु. ५२७१९७।- बुझेकोमा सम्वन्धितले बुझेको भरपाई पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>गो.भौ.</td><td>सामानको विवरण</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>५९।०७७।११।१६</td><td>वडा नं. २ कुवरगाउं पूजा १३ थान भाडाकुडा</td><td>१५००००</td><td>बुझेको भरपाई नभएको</td></tr>
<tr><td>१६६।२।३</td><td>प्रहरी चौकीको लागि खरिद कुर्सि, टेवल, ग्यांस सिलिण्डर, कुकर, खटीया आदि</td><td>३७७१९७</td><td>हस्तान्तरण तथा आम्दानी बांधेको भरपाई नभएको</td></tr>
<tr><td>जम्माः</td><td></td><td>५२७१९७</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>प्रमाण कागजात<br>गो.भौ. नं. ३०९।०७८।३।२८ : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले सूरत हार्डवेयरको २७९।०७८।२।२५ को बिलबाट एचडिपिइ पाइप २० एमएम मिमिको १५०० मिटर, २५ मिमिको १००० मीटर, ३२ मिमिको ८०० मिटर, ४० मिमिको ३५० मिटर खरिद गरी रु. ३०००००।०० भुक्तानी गरेकोमा आम्दानी, सो प्रयोग भएको नापी किताव, प्राविधिक मूल्यांकन विल, कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु</td><td>३००,०००</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>परामर्श खर्च<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार नगरी परामर्श दाताले पालिकाबाट परामर्शको लागि स्वीकृत बजेट बमोजिमकै आर्थिक प्रस्ताव पेश गरी स्विकृत बजेट पूरै भुक्तानी गरेको उपयुक्त देखिएन । तसर्थ परामर्श सेवा खरिद कार्यमा यथोचित प्रतिस्पर्धा भएको भन्न सकिने आधार छैन । पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई खरिद गरी रु. ९८९९३०।०० खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन उक्त डि.पि.आर. कार्यको प्रतिवेदन पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.</td><td></td></tr>
</table>

| कार्य विवरण | परामर्शदाता | स्वीकृत बजेट रकम | खर्च रकम |
|---|---|---|---|
| गाउंपालिका भवन | मष्टा इन्जिनियरिङ कन्सल्टेन्सी | ८२५००० | ८२३०७४ |
| रुपातोला देखी दातोलासम्म सडक | मष्टा इन्जिनियरिङ कन्सल्टेन्सी | ५००००० | ४९८८९५ |
| सुकगाड खोला सेती नदी | अल सोलुसन इन्जिनियरिङ कन्सल्टेन्सी | १०००००० | १०००००० |
| **जम्माः** | | **२३२५०००** | **२३२१९६९** |

३४

**जिन्सी प्रमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको मालसामान ७ दिन भित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने, दफा २४ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा खर्चको आदेश दिनु पर्ने, साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को दफा ३९ मा खर्च गर्दा त्यस्तो खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने कानूनी व्यवस्था छ । कार्यालयले खरिद गरेकोमा कानूनी व्यवस्था बमोजिम जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्वर, दाखिला प्रतिवेदन नम्वर र जिन्सी वर्गिकरण उल्लेख नगरेकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु.

| गो. भौ.नं. | सामानको विवरण | फर्मको नाम | संख्या | रकम |
|---|---|---|---|---|
| १६८।०७८।२।३ | डेस्क वेन्च र रोष्ट्रम | उग्रतारा टेक्निकल गुड सप्लायर्स | ६३ थान | ३७७१९७ |
| **जम्मा** | | | | **१८१६६७२** |

३५

**सामानको स्पेसिफिकेसन तयार नगरेको**

सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका उपर्युक्त माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार

| | | | | |
|---|---|---|---|---|
| | | | पारेको देखिएन र उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरीक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषत भए नभएको एकिन गर्न सकिएन ।आवश्यक गुणस्तर परीक्षण गरेर मात्र भुक्तानी हुनु पर्दछ ।<br><br>\| गो. भौ.नं. \| सामानको विवरण \| फर्मको नाम \| संख्या \| रकम \|<br>\| २४।०७७।९।१७ \| ल्यापटप \| उग्रतारा टेक्निकल गुड्स सप्लायर्स \| ५ थान \| ४२०९०२ \| | |
| ३६ | | | **ठेक्का फाइल**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(२) मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति उपनियम २ मा उल्लेखित कागजातहरु राखी छुट्टै फाइल खडा गरी राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले विभिन्न ठेक्का सम्झौता गरेकोमा सोको खरीद कारबाहीको छुट्टै फाइल खडा गरी व्यवस्थित अभिलेख राखेको पाइएन । अत कार्यालयले हरेक खरिद कार्वाहीको छुट्टै फाइल खडा गरी अभिलेख व्यवस्थित राख्नु पर्दछ । | |
| ३७ | | | **निर्माण कार्यको ड्रइङ डिजाइन**<br>सार्वजनिक खरिद ऐन, २०६३ को नियम दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गर्नुपर्ने र दफा ५ क. मा लागत अनुमान र नक्सा, डिजाइन तथा स्पेसिफिकेशन स्विकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण गरेका कार्यहरुको नक्सा डिजाइन स्वीकृत गराएको देखिएन र निर्माण कार्यहरुको आंशिक मात्र नक्सा तयार गरेकोमा प्राविधिकले सफ्ट कपी मात्र राखेको देखियो । कार्यालयले सम्पूर्ण निर्माण कार्यहरु नक्सा अनिवार्य रुपमा तयार गरी सोको हार्ड कपी स्वीकृत गराउनु पर्नेमा नगराएकोले सम्वन्धमा विश्वस्त हुन सकिएन ।यसमा सम्वन्धित प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । अत: कार्यालयले नियमानुसार नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गरी स्वीकृत गराउनु पर्दछ । | |
| ३८ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशतका दरले रकम कट्टी गर्ने गरेको छ । कार्यालयले नियमले तोके भन्दा बढी दरले कन्टीन्जेन्सी कट्टि गरी कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु. ४००००००।०० खर्च गरेको छ । पालिकाले पेश गरेको आय व्यय अनुसार रु ४००००००।०० कन्टीजेन्सी वापत खर्च गरेको देखिन्छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ३९ | | | **कन्टेन्जेन्सीबाट अत्याधिक दैनिक तथा भ्रमण भत्ता** | |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन । कन्टेन्जेन्सी रकम मध्ये दैनिक भ्रमण भत्ता र गाडीभाडामा अत्याधिक खर्च गर्ने गरेको छ ।दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन । | |
| ४० | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ४४।०७७।९।२८ | उद्योग ग्राम सडक निर्माण उपभोक्ता समिति | सडक खन्ने | १९४७२१८ | एक्साभेटर | ११६८८९८ |
| ६४।०७७।११।२१ | रजडा सडक निर्माण उपभोक्ता समिति | सडक खन्ने | ९५०००० | एक्साभेटर | ४४२००० |
| १८१।०७८।३।३ | मल्लास्याडा सडक निर्माण उपभोक्ता समिति | सडक खन्ने | ९३८५४० | एक्साभेटर | १०००००० |
| २७५।०७८।३।२५ | बिकुल्ली सडक निर्माण उपभोक्ता समिति | सडक खन्ने | २१८७०४६ | एक्साभेटर | १२०१००४ |
| २८४।०७८।३।२५ | खेलग्राम निर्माण उपभोक्ता समिति | मैदान बनाउने | १४२५००० | एक्साभैटर | १०६२००० |
| २८६।०७८।३।२५ | खेल मैदान निर्माण समिति | मैदान बनाउने | १७१०००० | एक्साभेटर | ९४६४६६ |
| **जम्माः** | | | **९१५७८०४** | | **५८२०३६८** |

४१

**मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफाख १४ र ८ मा मूल्य अभिवृद्धि करमा दर्ता भएका प्रत्येक व्यक्तिले आफुले कुनै बस्तु तथा सेवाको आपुर्ति गर्दा तोकिए बमोजिमको बिजक जारी गर्नु पर्ने र मूल्य अभिवृद्धि कर योग्य बस्तु तथा सेवा बिक्रीमा मूल्य अभिवृद्धि कर असुल गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिहरु मार्फत निम्नानुसारको सडक खन्ने कार्य गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मबाट एक्साभेटर मेशिन भाडामा लिएकोमा तोकिए बमोजिम बिजक जारी नगरी सादा कागजमा भरपाई पेश गरेको देखियो । कर बिजक जारी नगर्दा बिक्रीमा असुल गरेको मूल्य अभिवृद्धि कर लुकाउनुका साथै बिक्री खातामा अभिलेख नराखी आय समेत नजनाउन सक्ने सम्भावना रहन्छ । अतः कार्यालयबाट भुक्तानी भएको निम्न रकमको सम्बन्धमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रू . २,३८५,३६४

| भौ .न. मिति | योजनाको नाम | दर्तावाल फर्मको नाम | भुक्तानी भएको भाडा रकम |
|---|---|---|---|
| ४४।०७७।९।२८ | उद्योग ग्रामसडक निर्माण | नरेन्द्र जेठारा | ११६८८९८ |
| ६४।०७७।११।२१ | रजाडा सडक निर्माण | नरेन्द्र जेठारा | २७०००० |
| २८४।०७८।३।२५ | हिमालयन मावि खेल मैदान | ,, | ९४६४६६ |
| **जम्मा** | | | **२३८५३६४** |

४२ **मूल्य अभिवृद्धि कर कट्टी**

रकम: १४१,०४२.४६

आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. १४१०४२।४६ कट्टी गरी नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएको कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| १२५।०७८।१।६ | मष्टा इन्जिनियरिङ कन्सल्टेन्सी | ६०९६३७६८५ | ८२३०७४ | ९४६८९।९३ | ४७३४४।९६ |
| १२९।०७८।१।२९ | मष्टा इन्जिनियरिङ कन्सल्टेन्सी | ६०९६३७६८५ | ४९८८९५ | ५७३९५ | २८६९७।५० |
| २६३।३।२३ | अल सोलुसन इन्जिनियरिङ कन्सल्टेन्सी | ६००६५३२९३ | १०००००० | १३०००० | ६५००० |
| **जम्मा** | | | | | **१४१०४२।४६** |

४३ **डि. पि. आर. प्रतिवेदन र भूक्तानी दिन बाँकीको प्रमाण**

रकम: ४९८,८९५

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रकम भुक्तानी गर्दा विल विजक पेश गर्नुपर्ने र आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र जिम्मेवार व्यक्तिले त्यस्तो खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था

| | | | | |
|---|---|---|---|---|
| | | | छ ।कार्यालयले रुपातोला देखि दातोलासम्मको डि.पि.आर. गर्ने कार्यको मष्टा इन्जिनियरिङ कन्सल्टेन्सीलाई रु ४९८८९५।०० भुक्तानी भएकोमा उक्त कार्यको गत आ.व. २०७६।७७ मा २०७६।९।१७ मा संझौता भएको उल्लेख भएकोमा उक्त सम्झौता, प्रस्तावहरु, मूल्यांकनको प्रमाण पेश नभएको, सक्कल विल विजक नभएको, उक्त डि.पि.आर. को रिपोर्ट पेश नभएको र गत आ.व.को यस वर्ष भुक्तानी भएकोमा भुक्तानी दिन बांकीको प्रमाणित विवरण पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु. | |
| ४४ | | | **भुक्तानी दिन बांकीको विवरण**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रकम भुक्तानी गर्दा विल विजक पेश गर्नुपर्ने र आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र जिम्मेवार व्यक्तिले त्यस्तो खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले रुपातोला देखि सुकगाड खोला सेती नदी डि.पि.आर. गर्ने कार्यको अल सोलुसन इन्जिनियरिङ कन्सल्टेन्सीलाई रु १००००००।०० भुक्तानी भएकोमा उक्त कार्यको गत आ.व. २०७६।७७ मा २०७६।६।८ मा संझौता भएको उल्लेख भएकोमा उक्त सम्झौतामा कार्य सम्पन्न गर्नुपर्न अवधि नखुलेको, प्रस्तावहरु, मूल्यांकनको प्रमाण पेश नभएको, सक्कल विल विजक नभएको, उक्त डि.पि.आर. को रिपोर्ट पेश नभएको र गत आ.व.को यस वर्ष भुक्तानी भएकोमा भुक्तानी दिन बांकीको प्रमाणित विवरण पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु. | १,०००,००० |
| ४५ | | | **टुक्रा पारी खरिद**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । निम्नानुसारको खरिद कार्य गर्दा प्याकेज बनाई खुला प्रतिस्पर्धात्मक विधि अपनाउन सकिने अवस्थामा पालिकाले ५ लाखको सीमा भित्रका टुक्रा टुक्रा पारी खरिद गरिएकोले प्रतिस्पर्धा सीमित हुन गएको छ । नियमावलीले गरेको व्यवस्था विपरीत गरी गरिएको कार्य नगरेकोले सो खरिद कार्य नियम सम्मत नदेखिएको रु. | १,४८७,०६९ |

| गौ.भौ.नं/ मिति | निर्माण कार्यको नाम | फर्मको नाम | भुक्तानी |
|---|---|---|---|
| १५२।०७८।२।८ | मेल विसौना काडां सडक | प्रमोद कन्ट्रक्सन | ४९४७७७११४ |
| २१२।०७८।३।२५ | स्मार्ट भिलेज | रीया एण्ड रिगल कन्स्ट्रक्सन | ४९६४३३ |
| ३४८।०७८।३।२८ | बातोला बडीगाउं सडक | मनिष निर्माण सेवा | ४९७५०८ |
| २९३।०७८।३।२५ | मेल विसौना काडां सडक | मार्वल कन्स्ट्रक्सन | ४९३१२८ |
| **जम्मा** | | | **१४८७०६९** |

| | | | | |
|---|---|---|---|---|
| ४६ | | | **जग्गा खरिद**<br>२०३ र २०४।०७८।३।११ : जग्गा खरिद गर्दा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम कार्यविधि बनाई खरिद गर्नु पर्दछ । उक्त जग्गा खरिदको कारवाहीको लागि सार्वजनिक खरिद ऐन नियम बमोजिमको म्याद दिई घटाघट गरी जग्गा प्राप्त गर्ने वा दाताहरु आव्हान गरी जग्गा प्राप्त गर्ने कार्यालयले सार्वजनिक सूचना आव्हान गरी गर्नुपर्नेमा सिधै खरिद गरेको र आवस्यक कागजात जग्गाको नापी नक्सा, ट्रेस, निवेदन दस्तुर संलग्न गरी गोप्य निवेदन पेश , वडाको शिफारीस गर्नुपर्नेमा पेश गरेको देखिएन ।साथै वडाभित्रका जग्गाको विक्री दर, उक्त क्षेत्रका जग्गाको अधिकतम र न्यूनतम दर, गाउंपालिकाले कर लिने प्रयोजनका लागि र मालपोत कार्यालयले राजश्व लिने प्रयोजनका लागि निर्धारण गरेको दर लगायतका प्रमाण कागजातहरु पेश नभएकोले उक्त खरिद कार्य नियमसम्मत नदेखिएको रु. | ३,२००,००० |
| ४७ | | | **औद्योगिक ग्राम**<br>नेपाल सरकारको निर्णय अनुसार तलकोट गाउंपालिकामा औद्योगिक ग्राम विकासको लागि प्रशासनिक भवन, उद्योग भवन,फिल्ड, सडक, सुरक्षा गार्ड भवन, शौचालय, सुत्केरी स्याहार केन्द्र, खानेपानी, विद्युत, ढल निकास, घेरवार, प्राथमिक उपचार केन्द्र, प्रवेश द्वार लगायतका संरचना निर्माण कार्यको पूर्वाधार निर्माणको लागि डि.पि.आर. स्विकृत भई हालसम्म १ तले प्रशासनिक भवन, खानेपानी, उद्योग भवन, शौचालय, घेरवार, प्रबेशद्वार, फिल्ड र सडक निर्माण भई हालसम्म रु. १०९७००००।- खर्च भएको छ ।उक्त कार्य उपभोक्ता समिति मार्फत गराएको छ । | |
| ४८ | | | **व्यवस्थापन खर्च र उ स लाई सिमा भन्दा बढी कार्य** | |
| ४८.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिंदा लागत अनुमानमा | ६८८,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रहेको जनसहभागिताको अंश कट्टी गरेर भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले उपभोक्ताको व्यवस्थापन खर्च बापत ३ देखि ५ प्रतिशतम्मले हुने रकम थप गरि भुक्तानी गरेको देखिएकोले नियम विपरीत भुक्तानी भएको उक्त रकम असुल गर्नुपर्ने रु. | | |

| सि.नं. | उपभोक्ता समिति | व्यवस्थापन खर्च |
|---|---|---|
| ८३।०७७।१२।९ | खेलकुद पूर्वाधार उपभोक्ता समिति | ४२७५० |
| ८९।०७७।१२।७ | घाट वगर तटवन्धन उपभोक्ता समिति | २३७५० |
| ९१।०७७।१२।१७ | किडन्न उपभोक्ता समिति मन्दिर निर्माण | ९५००० |
| १०७।०७७।१२।३० | डांडा बाघ मन्दिर उपभोक्ता समिति | ११८७५ |
| १०९।०७७।१२।३१ | ततारी मन्दिर उपभोक्ता समिति | १९००० |
| १२०।०७८।१।६ | बदरा पार्क वडा नं.७ उपभोक्ता समिति | ३०००० |
| ११०।०७८।२।३१ | मष्टा मन्दिर शौचालय तला निर्माण उपभोक्ता समिति | १४२५० |
| १३२।०७८।१।२३ | तिपा खानेपानी उपभोक्ता समिति | ३८००० |
| १५१।०७८।२।२१ | सितला पानी ट्यांकी उपभोक्ता समिति | १४००० |
| १६८।०७८।२।३० | सुनिकोट मा.वि. निर्माण उपभोक्ता समिति | १५००० |
| १८१।०७८।३।२ | मल्ला स्याडा सडक उपभोक्ता समिति | २५००० |
| १९३।०७८।३।१० | वडा नं. ५ शौचालय निर्माण उपभोक्ता समिति | २३७५० |
| १९१।०७८।३।३० | गडगडे राडा उपभोक्ता समिति सिंचाईकुलो | २३७५० |
| २५१।०७८।३।२२ | सामुदायिक फिल्ड निर्माण उपभोक्ता समिति | २३७५० |
| २७५।०७८।३।३० | विकुल्ली सडक निर्माण उपभोक्ता समिति | ३०००० |
| २८४।०७८।३।२५ | खेलकुद ग्राम निर्माण उपभोक्ता समिति | ४२७५० |

| | | |
|---|---|---|
| २८६।०७८।३।२५ | हिमालय मा.वि. खेलकुद मैदान उपभोक्ता समिति | ३०००० |
| ३०७।०७८।३।२८ | गा.पा. तेश्रो तल्ला भवन उपभोक्ता समिति | ८५५०० |
| १।०७८।३।३० | औद्योगिक ग्राम भवन निर्माण उपभोक्ता समिति | ५०००० |
| २।०७८।३।३० | औद्योगिक ग्राम सडक निर्माण उपभोक्ता समिति | ५०००० |
| **जम्मा** | | **६८८०००** |

पालिकाले विभिन्न १५० उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा अधिकांस उपभोक्ता समितिलाई व्यवस्थापन खर्च रकम थप गरी भुक्तानी गरेको छ । अन्य उपभोक्ता समितिलाई भुक्तानी भएको व्यवस्थापन खर्च रकम एकिन गरी असुल गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ४८.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु. १ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले औद्योगिक ग्रामको पूर्वाधार विकास कामको रु. १२६९२७०८।०० लागत अनुमान भएकोमा निम्नानुसार दुई टुक्रा बनाई उपभोक्ता समितिलाई रु. १०९७००००।०० भुक्तानी गरेको देखियो । अत: नियम विपरित टुक्रा पारी सिमाभन्दा बढीको कार्य उपभोक्ता समिति मार्फत गराएको नियमसम्मत नदेखिएको रु. | १०,९७०,००० |

| उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|
| सडक तथा फिल्ड र खानेपानी, घेरबार निर्माण उपभोक्ता समिति | सडक तथा फिल्ड र खानेपानी, घेरबार निर्माण | ५२४२७८४ | ४३७०००० |
| प्रशासनिक भवन, उद्योग भवन, शौचालय र गेट निर्माण उपभोक्ता समिति | प्रशासनिक भवन, उद्योग भवन, शौचालय र गेट | ७४४९९२४ | ६६००००० |
| **जम्मा** | | | **१०९७००००** |

सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्र आव्हान गरी ठेक्का मार्फत गराउनु पर्दछ ।

४९ **बढी भुक्तानी** १७८,०७६

१२२।०७८।१।६: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रकम भुक्तानी गर्दा विल विजक पेश गर्नु पर्ने व्यवस्था छ . औछला तटवन्धन कार्यको उपभोक्ता समितलाई रु. ४ लाख भुक्तानी भएकोमा विजक अनुसार १×१.५×१ को जाली खरिद गरेकोमा नापी किताबमा ३×१×१ को जाली राखी सोको दरले प्राविधिक मूंल्यांकन भई भुक्तानी भएको देखिएकोले निम्नानुसार बढी भूक्तानी भएको रु. १७८०७६।०० असुल गर्नुपर्ने रु.

| आइटम | | जम्मा | परिमाण | दर | जम्मा | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ३×१×१ | | | १×१.५×१ | | | |
| ग्याविन | १५ | ७५००० | १५ | २९५९ | ४४३८५ | ३०६१५ |
| ग्याविनमा ढुंगा भर्ने | ४५ | २९४९२१ | २२.५ | ६५५३.८० | १४७४६० | १४७४६१ |
| **जम्मा** | | | | | | **१७८०७६** |

| | | | | |
|---|---|---|---|---|
| ५० | | | **बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रकम भुक्तानी गर्दा विल विजक पेश गर्नु पर्ने व्यवस्था छ . कार्यालयले निम्न निर्माण कार्यको नापी किताव अनुसार मूल्यांकन गरी भुक्तानी गरेकोमा नापी किताबमा प्लाष्टरको कामको परिमाणमा ५ वटा ढोकाको मात्र परिमाण गणना गरी घटाएको तर ढोकाको कामको भुक्तानी गर्दा ७ वटा ढोकाको परिमाण गणना भुक्तानी भएकोले २ वटा ढोकाको परिमाण बढी भूक्तानी भएको रु. ५१५६०।७६ असुल गर्नुपर्ने रु. | ५१,५६१ |

| गो.भौ. नं. | योजनाको नाम | २ ढोकाको परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| १२२।०७८।१।६ | गाउंपालीका भवनको तेश्रो तला निर्माण | ०.६० | ८५९३४।६० | ५१५६०.७६ |

| | | | | |
|---|---|---|---|---|
| ५१ | | | **बढी भुक्तानी**<br>१८६।०७८।३।२२ : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रकम भुक्तानी गर्दा विल विजक पेश गर्नु पर्ने व्यवस्था छ . कार्यालयले निम्न निर्माण कार्यको नापी किताव अनुसार मूल्यांकन गरी भुक्तानी गरेकोमा नापी किताबमा प्लाष्टर र वालको कामको परिमाण गणना गर्दा ढोका र झ्यालको क्षेत्रफलको परिमाण घटाएको नदेखिएकोले बढी भूक्तानी भएको रु. ९८०८३।८० असुल गर्नुपर्ने रु. | ९८,०८४ |

| गो.भौ. नं. | योजनाको नाम | प्लाष्टरको परिमाण | झ्याल ढोकाको परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ११०।०७८।२।३१ | शौचालय निर्माण | ६३.४५ ब.मि. | २९ ब.मि. | ४२५.४२ | १२३३७.१८ |
| ११४।०७८।१२।३१ | गाउंपालिका वडा नं. ४ कार्यालय भवन | ३९३.७४ ब.मि. | ३७.६२ ब.मि. | ५६४।२९ | २१२२८.५९ |
| २९१।०७८।३।२५ | वडा नं. ७ कार्यालय भवन | ५३५.५३ ब.मि. | ८६.८६ | ४०० | ३४७४४ |
| प | | ढुंगाको पर्खाल | | | |
| २१५।०७८।३।२० | जनज्योति मा.वि. | ३७.२० घ मि | ४.४३ घ मि | ६७२१ | २९७७४।०३ |
| **जम्मा:** | | | | | **९८०८३.८०** |

| | | | | |
|---|---|---|---|---|
| ५२ | | | **सडक सरसफाई** | १,८२७,२३६.२ |

<table>
<tr><td></td><td></td><td></td><td>३४१।०७८।३।३०: गाउंपालिका अन्तरगतका सवै रोडहरुको सफाई तथा पहिरो हटाउने कार्य उपभोक्ता समिति मार्फत काम गराई रु. २८५००००।– भुक्तानी भएकोमा बाटोको सरसफाई गरेको लम्वाई १३.३२० किलोमिटर र पहिरो हटाउने कार्यको लम्वाई १.३२० किलोमिटरको कामको परिमाण एकमुष्ट गणना गरी भुक्तानी गरेकोमा चेनेज उल्लेख गरी परिमाणको गणना नगरेको, सडक सफा गर्ने कार्यको उचाई ३.२० मिटर र पहिरोको हटाउने कार्यको उचाई १.५ मिटरले गणना गरेकोमा पहिरो हटाउने कार्य भन्दा सफा गर्ने कार्यको उचाई परिमाण दोव्वर राखेकोले अस्वाभाविक देखिएको र सोको प्राविधिक पुष्ट्याईं पेश नभएकोले सडक सफा गर्ने कार्यको रु. १८२७२३६।२० भुक्तानी भएकोमा पुष्ट्याई सहितको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>बढी भुक्तानी<br>१९०।०७८।३।४ : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रकम भुक्तानी गर्दा बास्तविक कामको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ . कार्यालयले निम्न निर्माण कार्यको नापी किताव अनुसार मूल्यांकन गरी भुक्तानी गरेकोमा फोटोमा आधा परिमाण मात्र प्लाष्टर गरेको देखिएकोले बढी भूक्तानी भएको रु. ४७४०।०० असुल गर्नुपर्ने रु.
<table>
<tr><th>योजनाको नाम</th><th>वालको परिमाण</th><th>बढी</th><th>दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>रजाडा महिला स्नान घर</td><td>१६.८० घ.मी.</td><td>८.४ घ.मि.</td><td>५६४।२९</td><td>४७४०</td></tr>
</table></td><td>४,७४०</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>सक्कल विल<br>आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र जिम्मेवार व्यक्तिले त्यस्तो खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले वडा नं. ७ को कार्यालय भवन निर्माण कार्यको जयलक्ष्मी निर्माण सेवालाई रु. ६७६३९३।- भुक्तानी गरेकोमा प्रतिलिपि विल पेश गरेकोले ओरिजनल विल पेश गर्नुपर्ने रु.</td><td>६७६,३९३</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>बीमा नगरेको<br>सार्वजनिक खरिद नियमावली २०६४ को ११२ मा सार्वजनिक निकायले रु. दश लाख भन्दा बढीको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले निर्माण कार्य र सो सँग सम्बन्धित अन्य जनशक्ति तथा प्लाण्टहरु समेतको बीमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु. १० लाख भन्दा माथिका निर्माण कार्य गर्न निर्माण व्यवसायी सँग सम्झौता गरेकोमा नियमावलीमा तोके बमोजिम बीमा गरेको अवस्था छैन । भवन निर्माण, विद्युत गृह जस्ता प्राविधिक रुपमा संवेदनशील संरचनामा निर्माणमा सम्भावित दुर्घटना बच्न बीमा अपरिहार्य रहेकोले सीमा भन्दा माथीका सबै निर्माण कार्यको बीमा गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्र स | निर्माण व्यवसायीको नाम | निर्माण कार्यको विवरण | भुक्तानी |
|---|---|---|---|
| १ | मिलन निर्माण सेवा | वडा नं. ४ कार्यालय भवन | ३४३४८१८ |
| २ | पिके कन्स्ट्रक्सन | वडा नं. ३ कार्यालय भवन | ३२७६६०० |
| **जम्माः** | | | **६७११४१८** |

५६

**गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

५७

**शिर्षक फरक पारी खर्च** ४९३,५२५

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने र अर्थ मन्त्रालयको एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ अनुसार बजेट खर्च लेख्दा तोकिएको खर्च शिर्षकबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार चालु खर्चहरु चालु शिर्षकबाट लेख्नुपर्नेमा पूजिगत शिर्षकबाट लेखेको र पूजिगत खर्च समेत शिर्षक फरक पारी खर्च लेखेको देखिएकोले शिर्षक फरक पारी खर्च लेखेको नियमित गर्नुपर्ने रु.

| गौ.भौ.नं. | विवरण | रकम | |
|---|---|---|---|
| २७।०७७।९। २१ | कार्यालय सम्वन्धी मसलन्द सामानहरु फर्निचर खर्च शिर्षकबाट लेखेको | ९३५२५ | |
| ३०८।०७८। ३।२८ | फलफूलका बिरुवा खरिद गरेकोमा अन्य सार्वजनिक खर्चबाट लेखेको | ४००००० | फलफूलको विरुवा वितरणको भरपाई समेत नभएकोले सोको प्रमाण समेत पेश गर्नुपर्ने |
| जम्मा | | ४९३५२५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५८ | | | **अवण्डा बजेट**<br>कार्यालयले विभिन्न योजना भनि देहाय अनुसार एकमुष्ट बजेट विनियोजन गरेको देखियो ।उक्त वजेट विभिन्न कार्यक्रममा बांडफांड गरी गाउंसभाले स्विकृत गरेपनि यसरी एकमुष्ट वजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण हनुपर्दछ । | | |
| ५९ | | | **जनश्रमदान**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. | | ८१,५३४ |

Table under item ५८:

| सि.नं. | खर्च शिर्षक | बजेट |
|---|---|---|
| १ | ३११५६ | १५००००० |
| २ | ३११५९ | ३९००००० |
| ३ | ३११५९ | ८०७६००० |
| ४ | ३११५९ | २०००००० |
| **जम्मा** | | **१५४७६०००** |

| गो भौ./ उपभोक्ता समिति र काम मिति | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने % | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|
| ६८।२०७८।२।२०कालिका आ वि भवन निर्माण योजना | २१४२००० | २०००६२५ | ३१९४२० | २८७९५ |
| ७८।२०७८।३।१४ दुर्गादेवि आ वि शौचालय निर्माण योजना | ८४०००० | ७६४३०५ | १२७३३३ | २४०६३ |
| ९२।२०७८।३।२२ मँगलाशैनी आ वि भवन निर्माण योजना | २१४२००० | २०००६२४ | ३१९३०० | २८६७६ |
| **जम्माः** | | | | **८१५३४** |

६०

**बार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु ३८३६३३८१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

६१

**डीपीआर खर्च**

सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| सुकगाड तलकोटे खोला सेती नदी डि पि आर | All solution engineering consultency | १००००००० | १००००००० | १६६०००००० |
| रुपातोला देखि दातोला सम्म सडक निर्माण | Masta engineering consultency | ५०००००० | ५०००००० | ११२०००००० |
| गाउँपालिका प्रशासनिक भवन | Masta engineering consultency | ५०००००० | ५०००००० | ४५००००००० |
| **जम्मा:** | | **२००००००** | **२००००००** | **७२८०००००** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

६२ **सवारी साधन खरिद**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु ५६००००।०० खर्च गरेका छन् ।

६३ **सफ्टवेयर खरिद**

सफ्टवेयर खरिदः- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु ७००००।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

६४ **निर्माण कार्यको गुणस्तर**

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाइ अनिवार्य गर्नु पर्दछ । | |
| ६५ | | | **अनुगमन प्रतिवेदन**<br>विशेष अनुदान सम्वन्धी कार्यविधि २०७५ को बुँदा न ११ मा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुनेगरि सँञ्चालन भए नभएको सम्वन्धमा स्थानिय तहले अनुगमन गर्नुपर्ने र सोको अनुगमन प्रतिवेदन चौमासिक रुपमा प्रगति प्रतिवेदन मन्त्रालय र जिल्ला समन्वय समिती समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसै गरि समपुरक अनुदानबाट सञ्चालित योजनाहरुको अनुगमन समितीले प्रतिवेदन तयार गरी समन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवसथा रहेको छ। कार्यालयले यस्तो प्रतिवेदन तयार पारी समव्धित कहाँ पेश गरेको देखिएन। | |

| स्रोत | योजना सँख्या | कूल खर्च रु |
|---|---|---|
| सँघ विशेष अनुदान | | ५०००००० |
| प्रदेश समपुरक अनुदान | | ११२९६००० |

| | | | | |
|---|---|---|---|---|
| ६६ | | | **प्रदेश समपुरक अनुदान**<br>प्रदेश समपुरक अनुदान तर्फ पालिकाले यो वर्ष प्रदेश सरकारबाट ५०/५० को मिश्रित अनुपातमा कार्यान्वयन हुने गरि रू. ११२९६०००।०० अनुदानको रुपमा प्राप्त भएकोमा रु १०११२९३५।६५ खर्च भएको छ। खर्च भएको सो रकमको ५० प्रतिशतले हुने अंस रू ५०५६४६७।८३ कटाई बाकी रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रु | ५,०५६,४६७.८३ |
| ६७ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको तह</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>माध्यामिक तह</td><td>२४</td><td>१६</td><td>०</td><td>६९९</td></tr>
<tr><td>२</td><td>निम्न माध्यामिक तह</td><td>२९</td><td>१४</td><td>१</td><td>९००</td></tr>
<tr><td>३</td><td>प्राथामिक तह</td><td>१००</td><td>७३</td><td>५</td><td>३४२१</td></tr>
</table>
यस सम्बन्धमा निम्नानुसार देखिएको छः</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम<br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम: राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत निम्न विद्यालयशरुलाई २ कोठे भवन निर्माणका लागि ५ विद्यालयलाई रु ६२०००००।०० दिएकोमा अनुदान प्रयोगको विवरण तथा विद्यालय लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु</td><td>६,२००,०००</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु ७०९३२४१।०० तलब भत्ता भुक्तानी गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>औषधि खरिद<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु ४५ लाख ४७ हजार का औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>७०.१</td><td></td><td></td><td>आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।</td><td></td></tr>
<tr><td>७०.२</td><td></td><td></td><td>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ७०.३ | | | औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | |
| ७०.४ | | | औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७१ | | | **परामर्श सेवा**<br>सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. २० लाख खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ७२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा २२ निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४०३ जनालाई रोजगारी उपलव्ध गराई रु १९५८१८९२।०० खर्च गरेको छ । लक्षित वर्गलाई ९५ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ७३ | | | **प्रशिक्षण भत्ता**<br>कार्यसञ्चालन निर्देशिका २०७५ को परिच्छेद ७.१.१५ मा तालिम तथा प्रशिक्षण कार्यक्रममा प्रशिक्षण वापतको भत्ता निर्धारण गरेको छ।कार्यलयले कार्यपत्र विना नै प्रशिक्षण भत्ता वापतको भुत्तानी भएको रकम सम्वन्धितबाट असूल हुनुपर्ने रु | ६९,२७५ |

| गो भौ नं / मिति | कार्यक्रम विवरण | रकम रु | कर कट्टी पछिको रकम रु |
|---|---|---|---|
| २९।२०७७।९।१६ | समाजका कुप्रथा तथा मानव वेचविखन विरुद्धको सचेतना ८ शेसन | ८००० | ६८०० |
| ३३।२०७७।१०।५ | लघुउद्यम विकास अभिमुखिकरण ४ शेसन | ४००० | ३४०० |
| ८३।२०७७।१२।९ | पूर्ण सरसफाई महिनावारी स्वच्छता व्यवस्थापन ३ शेसन | ३००० | २५५० |
| ८४।२०७७।१२१७ | लघुउद्यम विकास सम्वन्धित तालिम ३२ कक्षा | ४८००० | ४०८०० |
| १४३।२०७८।३।३ | वृहत पोषण कार्यक्रम केशवराज जोशी १४ शेसन | १४००० | ११९०० |
| १९२।२०७८।३।१३ | पूर्ण सरसफाई कार्यक्रम ३ शेसन | ४५०० | ३८२५ |
| **जम्माः** | | | **६९२७५** |

७४ **अनुगमन भत्ता** ५९,९००

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा पदाधिकारी सेवा सुविधा ऐन २०७५ मा अनुगमन भत्ता प्रदान गर्ने सम्वन्धमा कुनै व्यवस्था रहेको देखिदैन।अत: कार्यालयले भ्रमण आदेश वेगर भुक्तानी गरेको अनुगमन भत्ता वापतको रकम नियमसम्मत नदेखिएको रु

| गो भौ नं/ मिति | कार्यक्रम विवरण | रकम रु |
|---|---|---|
| ३३।२०७७।१०।५ | लघुउद्यम विकास अभिमुखिकरण | ४५०० |
| ६१।२०७७।११।२३ | लक्षित वर्ग तथ्याँक सँकलन | २१००० |
| ८४।२०७७।१२।१७ | लघुउद्यम विकास अभिमुखिकरण | १६५०० |
| १४३।२०७८।३।३ | वृहत पोषण कार्यक्रम | ८४०० |
| १५९।२०७८।३।१० | टोल विकास समिती सदस्यहरुलाई अभिमुखिकरण | ६००० |
| २९६।२०७८।३।२५ | सुनौला हजार दिनका आमालाई पोषण झोला वितरण | ५००० |
| २३०।२०७८।३।२२ | पोषण कार्यक्रम सुरेश धामी | ५००० |
| २४७।२०७८।३।२२ | पोषण कार्यक्रम वडा न ५ | ५००० |
| **जम्माः** | | **५९९००** |

| | | | | | |
|---|---|---|---|---|---|
| ७५ | | | | **प्रमाण पेश हुनुपर्ने**<br>प्रदेश आर्थिका कार्यविधि नियमावली २०७६ को दफा ३७.३ मा खर्च गर्दा विलभरपाई सहितको लेखा स्पष्ट रुपमा राख्नुपर्ने व्यवस्था छ।कार्यालयले निम्न खरिदमा दाखिला प्रमाण तथा प्रयोगको विवरण पेश गर्नुपर्ने रु | ८४९,७६५ |

| गो भौ | विवरण | भुक्तानी रकम रु |
|---|---|---|
| ६७।२०७७।११।२३ | डेल आई एस कम्प्युटर ७ वटा | ४५४८२५ |
| ६८।२०७७।११।२३ | क्यानन प्रिन्टर ,स्क्यानर तथा राउटर लगायत सामाग्री | २५७०७५ |
| १३१।२०७८।२।२८ | ल्यापटप,प्रिन्टर लगायतका सामाग्री | १३७८६५ |
| **जम्माः** | | **८४९७६५** |

७६ **वैठक भत्ता**

कार्यसञ्चालन निर्देशिका २०७५को परिच्छेद ७.१.१५मा कार्यपत्र वेगर कार्यपत्र वापतको रकम दिन नमिल्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका निम्न कार्यक्रमहरुमा कार्यपत्र पेश नगरिकनै प्रशिक्षण कार्यक्रम भएको भनि रकम भुक्तानी भएको छ । यस्तो कार्यक्रमलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| गो भौ नं/ मिति | कार्यक्रम विवरण | रकम रु | कर कट्टी पछिको रकम रु |
|---|---|---|---|
| १८६।२०७८।३।१३ | मर्यादित महिनावारी समन्वय समितीको वैठक | १४००० | ११९०० |
| २२३।२०७८।३।२१ | मर्यादित महिनावारी समन्वय समितीको वैठक | ३६००० | ३०६०० |
| २५३।२०७८।३।२४ | गाउस्तरीय गुनासो व्यवस्थापन समितीको वैठक | २१००० | १७८५० |
| | पञ्जिकरण समिती वैठक | २९००० | २४६५० |
| | पञ्जिकरण समिती वैठक | ३७००० | ३१४५० |
| **जम्मा** | | | **११६४५०** |

७७ **घटी वितरण** २१७,३५०

कार्यालयले निम्न कार्यक्रमहरुमा वितरण कार्यक्रम समपन्न भनि भुक्तानी भएको कार्यक्रम वापतको भुक्तानीमा वितरण भरपाई विना नै कार्यक्रम समपन्न वानाई खर्च गरेको रकम सम्वन्धितबाट असूल हुनुपर्ने रु

| **गो भौ/कार्यक्रम** | **खरिद** | | **वितरण भरपाई** | | **अपुग भरपाई** | |
|---|---|---|---|---|---|---|
| | **संख्या** | **रकम रु** | **संख्या** | **रकम रु** | **संख्या** | **रकम रु** |
| २९६।सुनौला हजार दिनको आमालाई पोषण का लागि अण्डा वितरण | १३५ क्यारेट | ९८५५० | ० | ० | १३५ | ९८५५० |
| २४७।पोषण कर्यक्रम वडा न७ अण्डा वितरण | ७१७०वटा | ११८८०० | ० | ० | ७१७० | ११८८०० |
| **जम्माः** | | | | | | **२१७३५०** |

७८ **प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना कार्यक्रम** ७४६,८८८

प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना कार्यान्वयन म्यानुअल को परिच्छेद ७.१ मा पकेट .व्लक, जोन र सुपरजोनमा सञ्चालन हुने कृषि उतपादन समाग्रीहरु(विउ,वेर्ना,विरुवा माछा भुरा, पशु नश्ल लगायत)मा वढीमा ५० प्रतिशत सम्म अनुदान उपलव्ध गराउन सकिने स्पष्ट व्यवसथा रहेको छ ।कार्यालयले निम्न पकेटमूलक कार्य सञ्चलान गर्दा पि आई एम विपरित हुने गरी शतप्रतिश नै खर्च कार्यक्रम वजेटबाट भुक्तानी भएकोले संस्थाले अनुपातिक रुपमा राख्नुपर्ने रकम असूल दाखिला हुनुपर्ने रु

| गो भौ/मिती | कार्यक्रमको नाम | कार्यक्रम खर्च रु | ५०% संस्थाको सहभागिता रु |
|---|---|---|---|
| १५६।२०७८।३।१० | जय डाडावाघ कृषक समूह सदस्यहरुलाई आलु वितरण कार्यक्रम १७६५ के जि | १५००२५ | ७५०१३ |
| १५८।२०७८।३।१० | देव वहुउद्धेशियय कृषक समूह सदस्यहरुलाई आलु वितरण कार्यक्रम २१५० के जि | १५०५०० | ७५२५० |
| १६०।२०७८।३।११ | रुमौली कृषक समूह सदस्यहरुलाई आलु विउ वितरण कार्यक्रम २१५० के जि | १५०५०० | ७५२५० |
| २१९।२०७८।३।२१ | निलकटी कृषक समूह सदस्यहरुलाई अदुवा विउ वितरण कार्यक्रम ७१० के जि | ११३६०० | ५६८०० |
| २१८।२०७८।३।२४ | पाटन फलफूल तरकारी उत्पादन कृषक समूह सदस्यहरुलाई महुरी घार वितरण १५घार | ७६२०० | ३८१०० |
| २३६।२०७८।३।२३ | तरकारी पकेट सुशान्त वहुउद्धेशिय सहकारी सँस्था सदस्यहरुलाई प्लाष्टिक टनेल वितरण ५ वटा | १२५००० | ६२५०० |
| २०४।२०७८।३।२० | निलकटी कृषक समूह सदस्यहरुलाई आलु विउ वितरण २१४२ के जि | १४९९४० | ७४९७० |
| २०६।२०७८।३।२० | कैलाश कृषक समूह सदस्यहरुलाई आलु वितरण कार्यक्रम २१४३ के जि | १५००१० | ७५००५ |
| २०७।२०७८।३।२० | आयुष वाख्रा फर्म ११ वाख्रा वितरण | १०५००० | ५२५०० |
| | | | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०८।२०७८।३।<br>२०</td><td>माता मण्डली वाख्रा फर्म १७ वाख्रा वितरण</td><td>२४१०००</td><td>१२०५००</td></tr>
<tr><td>२११।२०७८।३।<br>२०</td><td>मौरी घार वितरण २० वटा</td><td>८२०००</td><td>४१०००</td></tr>
<tr><td colspan="2">जम्मा:</td><td></td><td>७४६८८८</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>
आधार विनाको खर्च<br>
प्रदेश आर्थिका कार्यविधि नियमावली २०७६ को दफा ३७.२ मा सम्वन्धित वजेट खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई सोही वमोजिम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले निम्न भुक्तानीमा विना आधार गो भौ उठाई खर्च देखाएकोले उक्त रकम असूल दाखिला हुनुपर्ने रु
<table>
<tr><th>गो. भौ.मिति</th><th>रकम रु</th></tr>
<tr><td>१३९।२०७८।३।२</td><td>१६८००</td></tr>
<tr><td>१९७।२०७८।३।१६</td><td>१००८३२</td></tr>
<tr><td>जम्मा:</td><td>११७६३२</td></tr>
</table>
</td><td></td><td>११७,६३२</td></tr>
<tr><td>८०</td><td></td><td></td><td>
फोटोकपि विलका आधारमा भुक्तानी<br>
कार्यालयले गो भौ २५२।२०७८।३।२४ बाट थ्याँकु विजेनशलाई रकम रु ९०४००। भुक्तानी गर्दा फोटोकपि विलका आधारमा गरेको छ। सक्कल विल पेश हुनुपर्ने रु
</td><td></td><td>९०,४००</td></tr>
<tr><td>८१</td><td></td><td></td><td>
स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम<br>
४।२०७८।०३।१५ असेसैन जीउला तटबन्ध निर्माण योजना सुनिकोटको योजनामा लागत अनुमान रु ११५०६२७।२४ तयार गरी जनश्रमदान रु २०००००।०० गरी रु ९९७३००।०० खुद भुक्तानी गरेको छ । उक्त योजनामा देहयबमोजिमका विवरण देखा परेका छनः<br>
(क) Filling and packing gabin box १५६ घनमिटर को ४८५७.६ का दरले रु ७५७७८५।६० भुक्तानी गरेको छ । उक्त कार्यकोलागि ढुङ्गाको रेट ३६६६, दक्ष कामदार ०.५(१०००*०.५=५००) र अदक्ष कामदार ०.२५(७००*०.२५=१७५) ले प्रतिघनमिटरको रु ४३४१ का दरले भुक्तानी गर्नुपर्नेमा रु ५१६.६ बढी दरले रु
</td><td></td><td>१२९,९६३</td></tr>
</table>

८०५८९।६ भढी भुक्तानी भएकोले बढी रकम असुल गरी सञ्चित कोषमा जम्मा गर्नुपर्ने रु ८०५८९।६

**(ख)** ग्याविन बक्सको काम गर्नु पुर्व भएको सम्झौतामा दश लाख पालिकाले व्यहोर्ने र दई लाख जनसमुदायले जनश्रमदान गर्ने गरी भएको छ । तर कार्य सम्पन्न र ११४७९२७।२४ को भएको छ । उक्क कार्य सम्पन्नबाट श्रमदान २०००००।०० घटाएर भुक्तानी गर्नुपर्नेमा ५००००।०० व्यवस्थापन भनी काटेर बाँकी ९९७३००।०० उपभोक्ता समितिलाई भुक्तानी भएको छ । २०००००।०० श्रमदान कट्टा गर्नुपर्ने रकम नगरेकोले बढी भुक्तानी भएको रु ४९३७३।०० असुल गरी दाखिला गर्नपर्ने रु ४९३७३।००

८२

**प्रदेश सरकार हस्तान्तरित कार्यक्रम**

बढी भुक्तानी

:

१०।२०७८०१।१६ राउडी मष्टा सडक निर्माण उपभोक्ता समितसंग सम्झौता गरी २३७९२०५।५६ लागत अनुमान तयार गरी कार्य सम्पन्न पश्चात रु २१८५०००।०० भुक्तानी भएको छ ।

| काम | परीमाण | प्रतिघण्टा काम समय | काम गर्न लाग्ने समय | दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| Site clearing BMS soil cutting | १३९८ | ९० | १५.५३ | २८.८४ | ४०३१८.३२ |
| Hard Soil | ८७६५.४ | ७२ | १४१.३६ | ८८.८४ | ७७८९८१.१० |
| Hard Rock | ११३८.१ | १७ | ६६.९४ | १४००.८३ | १५९४२८४.६२ |
| **जम्माः** | **११०८३** | | **२२३.८३** | | **२४१३५८५** |

उक्त योजनामा ११०८३ परीमाण काम गर्न मेशिनलाई २२३.८३ घण्टा लाग्ने देखिन्छ । सामान्यतया २२० सि सि को मेशिनलाई प्रतिघण्टा तेल सहित रु ६५०० का दरले दिएको देखिन्छ । उक्त कामको विवरण हर्दा २२३.८३ घण्टा कामको ६५०० का दरले रु १४५४८९८ को काम हुनुपर्ने देखिन्छ । कार्यालयले उपभोक्ता समितिलाई जनश्रमदान र कन्टिन्जेन्सी कट्टी पछी २१८५०००।०० भुक्तानी गरेको छ । यस्ता निर्माण सम्वन्धी कार्य गर्दा फिल्डमा गएर प्राविधिकले कार्यको सहि मूल्याङ्कन गर्नु पर्ने देखिन्छ ।

८३

**सामाजिक सुरक्षा बैंकबाट वितरण नगरेको**

सञ्चालन कार्यविधि, २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृति बिना नगद वितरण गर्न नपाइने व्यवस्था छ । तर कार्यालयले ७ वडामा रु ३७५५२०७५।०० वितरण गरी विवरण पेश गरेको छ । कार्यालयमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले तोके अनुसार बैंक मार्फत भूक्तानी नगरी रु ३७५५२०७५।०० वितरण गरेको छ । कार्यविधिमा तोके अनुसार रकम भूक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्छ ।

८४ **सामाजिक सुरक्षा भत्ता दोहोरो वितरण** १५३,६००

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्दा दोहोरो नपर्ने गरी वितरण गर्नुपर्ने व्यवस्था छ ।पालिका अन्तरगतका देहाएका वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्न पेश्की लगी लाभग्राहीलाई वितरण गर्दा लाभग्राहीको नामावली दोहोरो परेको र दोहोरो नामावली भएका लाभग्राहीलाई समेत दुई पटक भत्ता वितरण गरेको भर्पाइ संलग्न फांटवारीमा पेश हुन आएको छ । यसरी एउटै व्यक्तीलाई दुईपटक वितरण गरेको रकम सम्वन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु

| परिचय पत्र नं | नाम | नागरिकता नम्वर | वडा नं | लाभग्राहीको किसिम | रकम |
|---|---|---|---|---|---|
| २००१०३०३०२८६९ | भुजिदेवी कामी | ४८२ | २ | जेष्ठ नागरिक दलित | १२००० |
| २००१८१२३०१९७० | भुजी कुवँर /झिगीदेवी कुवँर | १८३७ | २ | जेष्ठ नागरिक अन्य | ३६००० |
| २००४०८१५०३००५ | हंस/हासे कडाल | ५७१ | ३ | जेष्ठ नागरिक अन्य | ३६००० |
| २०२३०५०२३००२५ | सिन्की बोहोरा<br>मनमती देवी जोशी | ४४७४ | ३ | एकल महिला | ३६००० |
| २०७३०८१७०१३०६ | विहान/विधान कामी | | ५ | बालबालिका | ४८०० |
| २००६११२८००९०९ | भिमसिंगे/वेला जेठारा | २७५५ | ६ | जेष्ठ नागरिक | ४८०० |
| २००६११२८०७४१४ | बेला जेठारा | २ | ६ | जेष्ठ नागरिक | २४००० |
| **जम्माः** | | | | | **१५३६००** |

८५ **भ्रमण भत्ता भुक्तानी** ४,८४०

| | | | | |
|---|---|---|---|---|
| | | | ११९।२०७७।११।१६- भ्रमाण खर्च नियमावली २०६४ को नियम ७(६) (क) मा पदाधिकारी वा कर्मचारीलाई भ्रमण ७ दिन सम्मा भ्रमण वा काजमा खटाउन सकिने व्यवस्था छ । तर कार्यालयले विद्यालय निरीक्षक श्री दिनेश एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रबोधिकरण तथा प्रयोग सम्बन्धी कार्यशालामा सहभागी हुन २०७७।११।५-१३ गते सम्माको भ्रमण भत्ता रु १७६० का दरले रु १५८४०।०० भुक्तानी गरेको छ । नियमावलीमा तोकिएको दिन भन्दा बढी २.७५ दिनको रु ४८४०।०० असूल गरी सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु | |
| ८६ | | | **सोझै खरिद**<br>१९५।२०७७।११।१६ र ३२१।२०७८।०१।१४- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)(क) अनुसार पाँचलाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न नमिल्ने र (१ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नमिल्ने व्यवस्था छ । पालिकाले गाडी नं बा १ झ ८५०१ संसदीय सचिवालयले दिएको गाडी मर्मत गर्न दुई पटक गरी जम्मा रु १५३५४२२।७९ MK Auto works Pvt. Ltd (603503210) बाट दुई पटक सोझै खरिद गरेको छ । नियमावलीमा तोकिएको व्यवस्थाको पालना गरी खरिद गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ८७ | | | **फोटोकपी विल**<br>२२२३।२०७७।११।२३ प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को ३६(३) मा खर्चको भुक्तानी गर्दा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । शिक्षा अधिकृत श्री दिनेश साउदले एकिकृत पाठ्यक्रमको प्रबोधिकरण कार्यक्रम सञ्चालन गर्दा विभिन्न पसलका फोटोकपी विलको रु १२२५८।०० भुक्तानी गरेकोले सक्कल विल पेश गर्ने अन्यथा असुल गरि दाखिला गर्नुपर्ने रु | १२,२५८ |
| ८८ | | | **२०७।२०७७।११।१८ प्रमाण पेश**<br>२०७।२०७७।११।१८ प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को ३६(३) मा खर्चको भुक्तानी गर्दा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । तर महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको आयोजनामा विभिन्न मितिमा ८ वटा समुह गठन गरी प्रत्येक समुहलाई ५००० का दरले रु ४००००।०० वितरण गरेको छ । उक्त रकम वितरण गर्नुको कारण, उक्त समुहले बुझेको प्रमाण र समुह गठन गर्दा ५००० दरले भुक्तानी दिने कार्यविधीको समेत प्रमाण पेश गर्नुपर्ने रु | ४०,००० |
| ८९ | | | **३११।२०७८।१।७ प्रमाण पेश**<br>३११।२०७८।१।७ प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को ३६(३) मा खर्चको भुक्तानी गर्दा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । विभिन्न मितिमा भ्रमाण गरेको भनी वडा नं १ का वडा अध्यक्ष श्री गोपाल बहादुर धामीलाई रु ३००००।०० भुक्तानी भएको छ । तर निजले पेश गरेका भ्रमाण आदेश र भ्रमाण विल फोटोकपी पेश गरेकोले सक्कल पेश गर्ने साथै निजलाई दुई पटक भुक्तानी गरे नगरेको छानविन गरी प्रमाण पेश गर्नुपर्ने रु | ३०,००० |
| ९० | | | **तालिम सहजिकरण भत्ता** | ४२,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ३८३।२०७८।०३।०९ र ५०५।२०७८।०३।२३ अर्थ मन्त्रालयको कार्य सञ्चालन कार्यविधी २०७५ मा तालिम तथा कार्यक्रममा सहजिकरण गर्ने सहजकर्तालाई सहजिकरण भत्ता दिन पाइने व्यवस्था छैन । तर सुनि सेती सामुदायिक जलचर तथा जलिय जैजिक विविधता संरक्षण समुहमा जलचर तथा जलिय जैविक विविधता संरक्षण सम्वन्धी अभिमुखिकरण कार्यक्रममा सहजिकरण गरेवापत श्री शिवराम उपाध्यायलाई प्रति दिन ३००० का दरले २ दिनको रु ६००० र सृजनशिल तथा अभिनव हिमालयन समृद्ध ३ दिनको कार्यक्रममा तालिम सहजिकरण गरेवापत री भिम बहादुर रसाईलीलाई प्रति दिन रु ६००० का दरले ३ दिनको रु १८०००।०० र रुपेन्द्र रसाइलीलाई ३ दिनको रु ६००० का दरले रु १८०००।०० भुक्तानी गरेको छ । कार्यविधीमा भएको व्यवस्था वेगर भुक्तानी गरेको रु ४२०००।०० असूल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | | |
| ९१ | | | **जिन्सी दाखिला प्रमाण पेश**<br>५०५।२०७८।०३।२३ प्रदेश आर्थिक कार्यविधि नियमवली २०७६ को दफा ४८(२) मा कार्यालयले खरिद गरेका मालसामानको जिन्सी लगत तयार गरि ७ दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सगुन ट्रेडर्स अर्डर एण्ड सप्लायर्स (६००२६८७२३) सोलार प्यानल व्याट्री, ल्यापटप प्रिन्टर लगाएतका सामाग्री रु २८६०००।०० मा खरिद गरी भुक्तानी गरेको छ । तर उक्त सामाग्री जिन्सी आम्दानी बाधी लगत तयार गरी कुन शाखामा प्रयोग गरेको भएका छन भन्ने विवरण पेश नभएकोले उक्त प्रमाण पेश गर्ने रु | | २८६,००० |
| ९२ | | | **५०२।२०७८।३।२३ प्रमाण पेश**<br>५०२।२०७८।३।२३ प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को ३६(३) मा खर्चको भुक्तानी गर्दा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । तर सहयोगी संस्थालाई दिएको पेश्की फछ्यौंट गर्दा संलग्न विल भर्पाइ जोड्दा रु ४५२८५४।०० भएको मा पेश्की फछ्यौंट गर्दा रु ५०००००।०० गरेकोले बाँकी रु ४७१४६।०० का विल भर्पाइ पेश गर्ने अन्यथा असूल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु | | ४७,१४६ |
| ९३ | | | **दाखिला प्रमाण पेश**<br>४६२।२०७८।०३।२० प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को ३६(३) मा खर्चको भुक्तानी गर्दा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले बागेश्वरी अटोमोटिभ्स (६०८८११२२८) बाट मोडल नं RTR1602VFD blue को मोटरसाइकल नं सु प प्र ०१-००९ प ९७८६ को चेचिस नं MD734BE45M2B00741 भएको मोटरसाइकल खरिद गरी रु २७३२००।०० भुक्तानी गरेको छ । उक्त मोटरसाइकल कार्यालयको नाममा समेत नामसारी नगरेको र सम्पती कार्यालयले दाखिला गरेको पनि छैन । उक्त मोटरसाइकल कार्यालयको नाममा गरेको नामसारी पत्र, सेतो नम्वर प्लेट र जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु | | २७३,२०० |
| ९४ | | | **सक्कल विल पेश**<br>४३०।२०७८।३।१३ प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को ३६(३) मा खर्चको भुक्तानी गर्दा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले वि एल वि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि (६०६८१३३९८) बाट २०/१६ PN HDPE पाइप २१०० मिटर ४१.६ का दरले खरिद गरी रु ९८४७९। | | ९८,४६९ |

| | | | | |
|---|---|---|---|---|
| | | | ०० भुक्तानी गरेकोमा फोटोकपी विल पेश गरेको छ । उक्त पाइप कार्यालयमा जिन्सी आम्दानी बाँधेको प्रमाण विजक नं ५८ भएको सक्कल विल र उक्त पाइप कहाँ कति प्रयोगस भएको हो सोको विवरण पेश गर्नुपर्ने रु | |
| ९५ | | | **कोभिड–१९ तर्फ**<br>आ.व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | |

| **आम्दानी स्रोत** | **रकम रु** | **खर्च शिर्षक** | **रकम रु** |
|---|---|---|---|
| गत बर्षको बाँकी | ६४९३७ | राहत वितरण | ० |
| स्थानीय तहको आफ्नै वजेटवाट | ५५६९५४२ | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | २३००००० |
| संघीय कोभिड कोषवाट | १०००००० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | ८००००० |
| प्रदेश कोभिड कोषवाट | ० | आइसोलेसन केन्द्र निर्माण | ५००००० |
| | | जोखिम भत्ता | ४५०००० |
| | | अन्य खर्च | १४१९०४० |
| | | वाँकी | ११६५४३९ |
| **जम्मा** | **६६३४४७९** | | **६६३४४७९** |

| | | | | |
|---|---|---|---|---|
| ९६ | | | **पेश्की बाकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ । | |

| पेश्की लिने व्यक्तिको नाम | प्रयोजन | म्याद नाघेको पेश्की रकम | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|---|
| अधेरी खोला राइची लोट्या साना सिंचाई पोखरी निर्माण योजना | पोखरी निर्माण | ७९७५६४ | |
| नाउली सिंचाई पोखरी निर्माण योजना | पोखरी निर्माण | ४९९५४७ | |
| तितेनी सिंचाई पोखरी निर्माण योजना | पोखरी निर्माण | २८४७९५ | |
| बासी पनेरा जुकेनी स्रोत सुधार तथा सिंचाई पोखरी निर्माण | स्रोत सुधार | ९३३६८० | |
| दाँतोली खेत सिंचाई पोखरी निर्माण उ स | पोखरी निर्माण | २३५२५७ | |
| छडा माथी खानेपानी तथा सरसफाइ उ स | खानेपानी निर्माण | ५१८४९४ | |
| धुँवारहित चुल्हो निर्माण योजना उ स | चुल्हो निर्माण | ५३६३९२ | |
| **जम्मा** | | **३८०५७२९** | |

| | | | | |
|---|---|---|---|---|
| ९७ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजू**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा ८५ मा आन्तरिक लेखापरीणबाट कायम बेरुजू अन्तिम लेखापरीक्षण हुनु सम्म फस्योँट भईसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित निम्नानुसार ब्यहोराहरु लेखापरीक्षण अवधि सम्म फस्योँट नभएकोले नियमानुसार फस्योँट हुनु पर्दछ । | |
| ९८ | | | **१३।२०७७।७।१३**<br>केश म्यानेजर झुप्री भण्डारी, मनोपरामर्श दाता सुनिता आउजीले सेवा गरे वाफत पाउने पारिश्रमिकमा कर कट्टि गर्दा पारिश्रमिक कर १५ प्रतिशत काटिनु पर्ने मा सा सु वाहेक को रकम असुल (३३५०।२२४०) | ५,५९० |
| ९९ | | | **४०।२०७७।०८।१५**<br>श्री चिरन्जीवी वोहारा नाम मा भुक्तानी भएको विल न. २११,२०७ को मिति २०७४।३।१७,२०७४।३।१८ गते मासु खाना नास्ता रहेको छ सो विल लाई प्रमाणीत गर्न ब्यहोरा पेश गर्ने २०७४ सालको विल २०७७ मा भुक्तानी दिनको आधार पेश गर्ने अन्यथा निज वोहोरा बाट असुल गर्नुपर्ने | २४,६२५ |

| | | | | |
|---|---|---|---|---|
| १०० | | | **७०।२०७७।९।३**<br>श्री सुसिल धामी होटलको नाममा भुक्तानी भएको रु२०४३३८। विलको कारोवारको व्यहोरा प्रमाणीत हुन नसक्ने प्रमाण पेश गर्न हुन अन्यथा असुल गर्नुपर्ने | २०४,३३८ |
| १०१ | | | **५९५।२०७८।३।३०**<br>श्री दिनेश साउदको नाम भुक्तानी रु ५०००० मध्ये रु ४५५००। को कारोवार लाइ प्रमाणित गर्ने यर्थेष्ट प्रमाण पेश नभएको नियमित गर्ने अन्यथा असुल गर्नुपर्ने | ४५,५०० |
| १०२ | | | **२८३ श्री दीनेश साउदले**<br>लिइएको भूक्तानीमा कक्षा ८ को विध्यार्थीहरुको ग्रेड सिट डिजायन ग्रेड सिटमा अंक प्रविष्टि एवम ग्रेड सिट रुजु तथा सम्पादन वाफत शिक्षा अधिकृत साउदले र प्राविधिक सहायक हरिन्द्र उपाध्यायले १२००। का दरले १२ दिनको १४४००। दुवैजनाले लिन पाउने आधार पेश गर्न | १४,४०० |
| १०३ | | | **२५६।२०७८।३।२४**<br>निस कम्पुटर सप्लाएरलाइ नाममा भुक्तानी देखिएको रकम रु ४९२९४१ सक्कल प्रमाण पेश गर्न, सम्झौता पेश गर्ने | ४९२,९४१ |
| १०४ | | | **३०६।२०७८।३।२५**<br>श्री अम्मराज उपाध्यायको नाममा भुक्तानी भएको र भत्ता दिनु पर्ने रकम रु २२५०। नदिएको रकम असुल | २,२५० |
| १०५ | | | **३०७।२०७८।३।२५**<br>पोषण संवेदनसिल खानेपानी तथा सरसफाइ कृषि पशु विकास महीला वालवालिकाका शिक्षा शासकिय प्रवन्ध क्षेत्रका कार्यक्रम सञ्चालनको लागि यथेष्ट प्रमाण पेश नभएको रु ११३३९०। नियमित गर्ने | ११३,३९० |
| १०६ | | | **गाउँपालिका पूँजिगत**<br>१२२।२०७८।०१।०६ १)गा पा तेस्रो तला भवन निर्माण उपभोक्ता समीतिलाई भुक्तानी दिदा रु ८९२३००।डोर हाजीरी पेश हुन आएको कार्यसम्पादन प्रतिवेदन मा रु ९१८२००। भुक्तानी देखिएको ले वढि रकम रु २५९००। असुल<br>२) गा पा तेस्रो तला थपको लागि काठ विनोद जेठारालाई रु १३१०००। दिइएको भरपाइ देखिन्छ । सो काठको स्रोत के हो पेश गर्ने | १५६,९०० |
| १०७ | | | **२६२।२०७८।०३।२३**<br>अल सोलुसन इन्जिनियरिङ्ग कम्पनीलाइ IEE and AIE गर्न सुकगाड सनिगाड तलकोटी गाड र सेती नदी परीक्षण गरेको भनेर भुक्तानी छ र यस कम्पनी छनोट गर्नुको आधार पेश गर्ने गा पा निर्णय सम्झौता के कति काम सम्पन्न प्रमाण पेश गर्न गत वर्ष दायीत्व वाकी रु ९८६९५० नियमित | ९८६,९५० |

| | | | | |
|---|---|---|---|---|
| १०८ | | | **८१।२०७७।१२।०८**<br>खनेडा गांउ वाटो निर्माण योजना मा वढि भुक्तानी रु ३५००। असुल | ३,५०० |
| १०९ | | | **२७८।२०७८।०३।२५**<br>श्री दैनिक सञ्चारलाइ भुक्तानी दिइएको रुकम रु २९७५०। कुनै पनि सम्झौता विना समाचार प्रकाशन भएको प्रमाण पेश गर्ने अन्यथा असुल | २९,७५० |
| ११० | | | **१४२।२०७८।०३।२५**<br>श्री तलकोट गा पा को नाममा भुक्तानी रहेको रकम लाइ व्यत्तिगत रुपमा विल पेश गरि भुक्तानी गर्न नसकिने व्होरा हुदा हुदै भुक्तानी भएको व्यहोरा लाइ वैधानिक मान्न नसकिने रु १५१०००।भुक्तानी गरिनाको आधार पेश गर्न अन्यथा असुल | १५१,००० |
| १११ | | | **२९३।२०७८।३।२५**<br>कोटेसन खुलाएको सुचना को अथेष्ट प्रमाण पेश गर्ने अन्यथा प्रकृयागत कैटि हुन जाने रु ४३६३९८ नियमित गर्ने भार्वल कन्स्टक्सन प्रा ली | ४३६,३९८ |

११२

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यस बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ६३५७५ | ८२५८ | ५५३१७ |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७५।०७६ | २३ | प्रगती प्रतिवेदन पेश | | ९७२२८३ | | | ९७२२८३ |
| २ | २०७६।०७७ | ६३ | पेश्की फछ्र्यौट | | | | २९४५००० | २९४५००० |
| ३ | २०७६।०७७ | ४२ | असूल प्रमाण | ८८०० | | | | ८८०० |
| ४ | २०७६।०७७ | ४१ | प्रमाण पेश | | ३९९३७५९ | | | ३९९३७५९ |
| ५ | २०७५।०७६ | २१ | प्रमाण पेश | | ३३८५३२ | | | |
| जम्मा: | | | | ८८०० | ५३०४५७४ | | २९४५००० | ८२५८३७४ |

| | | | | |
|---|---|---|---|---|
| ११३ | | | बेरुजु अद्यावधिक | |

यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ६३५७५ | ८२५८ | ५०२३८ | ० | १०५५५५ |